# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४३ ) काठमाडौं, फागुन ७ गते २०५० साल ( अतिरिक्ताङ्क ६३ (ख)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा बि.सं. २०५० फागुन ७ गते बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा पूज्य जिज्यू बुबाज्यू श्री ५ त्रिभुवन र वीर शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं । देशका सपूतहरूको त्याग, तपस्या र बलिदानबाट स्थापित प्रजातन्त्रलाई देश र जनताको हितमा प्रभावकारी र सुदृढ तुल्याउन आजको दिनले हामी सबैलाई प्रेरणा दिन्छ ।

बहुदलीय प्रजातन्त्र एक राजनीतिक प्रणालीको साथै मानवीय आचरण र व्यवहारसँग पनि सम्बन्धित विषय भएकोले संविधान प्रदत्त अधिकारको विचार गरी प्रजातान्त्रिक मूल्य र मान्यता अनुरूपको नैतिक आचरण र व्यवहार राखेमा नै स्वस्थ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रजातन्त्रको विकास हुन सक्छ। राष्ट्रको गरिमा र प्रतिष्ठालाई निरन्तर अगाडि बढाउने दिशामा यस दिवसले हामी सबैलाई सक्रिय गराओस्— यही हाम्रो शुभकामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।